आज मिति २०८० साल असार महिनाको २३ गते शनिवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान-सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको " बाइसौं " बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | | |
|---|---|---|---|---|
| १, | नगर प्रमुख | | श्री गुमान सिंह अर्याल | (हस्ताक्षर) |
| २, | उप - प्रमुख | | श्री पद्मा गुरुङ | (हस्ताक्षर) |
| ३, | प्र. प्र. अधिकृत | | श्री हुमनाथ कंडेल | (हस्ताक्षर) |
| ४, | वडा अध्यक्ष | (१) | श्री दुर्गा बहादुर बुढाथोकी | (हस्ताक्षर) |
| ५, | —"— | (२) | श्री मदन बहादुर राना | (हस्ताक्षर) |
| ६, | —"— | (३) | श्री चित्र बहादुर दनाई | (हस्ताक्षर) |
| ७, | —"— | (४) | श्री राम बहादुर गुरुङ | (हस्ताक्षर) |
| ८, | —"— | (५) | श्री इन्द्र बहादुर गुरुङ | (हस्ताक्षर) |
| ९, | —"— | (६) | श्री प्रकाश थापा | (हस्ताक्षर) |
| १०, | —"— | (७) | श्री ऋषिराम बस्नेत | (हस्ताक्षर) |
| ११, | —"— | (८) | श्री पवित्रा थापा राना | (हस्ताक्षर) |
| १२, | —"— | (९) | श्री खुशि जङ गुरुङ | (हस्ताक्षर) |
| १३, | —"— | (१०) | श्री गंगा बहादुर थापा | (हस्ताक्षर) |
| १४, | —"— | (११) | श्री शिव प्रसाद जोशी | (हस्ताक्षर) |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा | (हस्ताक्षर) |
| १६, | —"— | | श्री श्रीनाथ दुलाल | (हस्ताक्षर) |
| १७, | —"— | | श्री कल्पना थापा बोहरा | (हस्ताक्षर) |
| १८, | —"— | | श्री विमला न्यौपाने अधिकारी | (हस्ताक्षर) |
| १९, | —"— | | श्री सुक माया गुरुङ | (हस्ताक्षर) |
| २०, | —"— | | श्री सुक माया घर्ति | (हस्ताक्षर) |
| २१, | —"— | | श्री मनिता परियार | (हस्ताक्षर) |

### सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल | (हस्ताक्षर) |
| २३, | प्रशासन अधिकृत | श्री गोविन्द बहादुर रावत | (हस्ताक्षर) |

(हस्ताक्षर)
गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०३/२३ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०८० असार २३ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. आय व्यय विवरण सम्बन्धमा ।
३. विनियोजन विधेयक सम्बन्धमा ।
४. आ.व. २०८०।०८१ को नगरपालिकास्तरीय/वडास्तरीय योजना तथा कार्यक्रमहरुको सम्बन्धमा ।
५. तेहौं नगरसभा अधिवेशनमा पेश गर्ने निर्णयहरुको सम्बन्धमा ।
६. अस्थायी क्रसर सञ्चालनको अनुमति सम्बन्धमा ।
७. विविध

- डिपिआर स्वीकृत गर्ने सम्बन्धमा । बसपार्क र उदिपुर कालिका
- महिला, शान्ति र सुरक्षा सम्बन्धी समिति गठन सम्बन्धमा ।
- सट्टा डोजर अपरेटको पारिश्रमिक सम्बन्धमा ।
- भाचोकखोला अस्थायी पुल निर्माण सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**
२०८०।०३।०७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं.२ : आय व्यय विवरण सम्बन्धमा ।**
मिति २०८०।०३।१० को नगरसभा अधिवेशनमा पेश भएको आगामी आर्थिक बर्ष २०८०/०८१ को आय व्यय विवरण संशोधन गरी (अनुसूची १ वमोजिम) संशोधित आय व्यय विवरण २०८०।०३।२५ गते बस्ने तेहौं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ : विनियोजन विधेयक सम्बन्धमा ।**
मिति २०८०।०३।१० को नगरसभा अधिवेशनमा पेश भएको बेसीशहर नगरपालिकाको विनियोजन विधेयक २०८० संशोधन गरी (अनुसूची २ वमोजिम) उक्त विधेयक २०८०।०३।२५ गते बस्ने तेहौं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : आर्थिक बर्ष २०८०/०८१ को योजना तथा कार्यक्रम सम्बन्धमा ।**
बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरु पारित गरी स्वीकृतिका लागि नगरसभाको तेहौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो । (अनुसूची ३)

**निर्णय नं. ५ : तेहौं नगरसभा अधिवेशनमा पेश गर्ने निर्णयहरुको सम्बन्धमा ।**
तेहौं नगरसभा अधिवेशनले गर्ने निर्णयहरुको सम्बन्धमा छलफल हुँदा निर्णय गर्नुपर्ने समसामयिक विषयबस्तु समेत समेटी निर्णय मस्यौदा तयार गर्नको लागि नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष मदन राना, नगरपालिकाको प्रवक्ता र कार्यक्रम अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०३/२३ गतेको बैठक

**निर्णय नं. ६ : अस्थायी क्रसर सञ्चालनको अनुमति सम्बन्धमा ।**

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय डुम्रे बेसीशहर चामे सडक योजना बेसीशहर लमजुङको च.नं. ४५२ मिति २०८०/०२/१९ को प्राप्त पत्रमा डुम्रे बेसीशहर चामे सडक योजना लमजुङ अन्तर्गत बेसीशहर खुदी ७.८ कि.मी. निर्माण तथा स्तरोन्नति ( ठेक्का नं DBCRP/33701121/077/78-006) को लागि आवश्यक पर्ने निर्माण सामाग्री (क्रसर रन बेस) बेसीशहर नगरपालिका वडा नं ६ स्थित मालेबगरमा उत्पादन गर्न निर्माण व्यवसायी श्री आशिष-अनेस्ट जे.भी.लाई आवश्यक प्रक्रिया पुरा गरी मोवाइल क्रसर स्थापनाको लागि नगरपालिकाबाट आवश्यक सहजीकरण गरिदिनुहुन भन्ने व्यहोरा उल्लेख भएको र यस सम्बन्धमा बैठकमा छलफल हुँदा उक्त सडक आयोजना राष्ट्रिय महत्वको आयोजना भएको र यस्ता प्रकृतिका आयोजना सफल बनाउने दायित्व स्थानीय तहको समेत भएको हुँदा नेपाल सरकारले जारी गरेको ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा गण्डकी प्रदेश सरकारले जारी गरेको ढुंगा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ समेतको आधारमा प्रचलित विधि विधान अन्तर्गत रही वातावरणीय अध्ययन प्रतिवेदनको समेत पालना हुने गरी अस्थायी रुपमा क्रसर प्लान्ट स्थापना र सञ्चालन गर्न उक्त निर्माण व्यवसायीलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ७ : डिपिआर स्वीकृत गर्ने सम्बन्धमा**

सेवा प्रदायक परामर्शदाता मार्फत तयार गरिएको देहायका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

(क) सहजी र दनाईफाँट बसपार्क निर्माण, बेनपा ७ र ८

(ख) उदिपुर कालिका मन्दिर निर्माण, बेनपा १

**निर्णय नं. ८ : महिला, शान्ति र सुरक्षा सम्बन्धी समिति गठन सम्बन्धमा ।**

नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी तेश्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९/०८०-२०८१/०८२) कार्यान्वयनका लागि यस बेसीशहर नगरपालिकामा नगरप्रमुखको अध्यक्षतामा नगरउपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरु रहेको समिति गठन गर्ने साथै उक्त समितिको बैठकमा महिला, शान्ति सुरक्षासंग काम गर्ने व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं. ९ :सट्टा डोजर अपरेटको पारिश्रमिक सम्बन्धमा ।**

नगरपालिकाको साविक जेसिवी अपरेटरको खुट्टा फ्र्याक्चर भई उपचारको क्रममा रहेकोले निजको सट्टामा काममा लगाइएको जेसिवी अपरेटरले पाउनु पर्ने पारिश्रमिक करार सेवा शुल्क शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १० : भाचोकखोला अस्थायी पुल निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका १० साविक बाँझाखेत १ र ७ बेसीभाचोक स्थित भाचोक खोलामा अस्थायी सडक पुल निर्माण कार्यको लागि विपद्मा क्रियाशिल सुरक्षा निकाय समेतको सहयोग प्राप्त भइरहेको स्थितिमा उक्त पुल निर्माण सम्पन्न गर्नको लागि लाग्ने अन्य खर्च नगरपालिकाको विपद् व्यवस्थापन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

दानमान सिंह अर्याल
नगर प्रमुख